आज मिति २०८३/३/५ गते व्यास नगर कार्यपालिकाको २४० औं बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखे्रल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा. अध्यक्ष, वडा नं.८ | – श्री राम प्रसाद मिश्र | उपस्थित |
| प्रशासकीय अधिकृत | – श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

| | |
|---|---|
| प्रस्ताव नं.१: | मिति २०८३/२/२८ को २३९ औ कार्यपालिकाको निर्णयको समीक्षा सम्बन्धमा । |
| प्रस्ताव नं.२: | आ.व. २०८३/०८४ का लागि संघ प्रदेशका योजनाहरुको जानकारी सम्बन्धमा । |
| प्रस्ताव नं.३: | आ.प. २०८३/०८४ का लागि व्यास न.पा.को प्रस्तावित नीति कार्यक्रम सम्बन्धमा । |
| प्रस्ताव नं.४: | आ.व. २०८३/०८४ को प्रस्तावित बजेट कार्यक्रम सम्बन्धमा । |
| प्रस्ताव नं.५: | विभिन्न विधेयकहरु नगरसभामा पेश गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.६: | सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको निरन्तरता सम्बन्धमा । |
| प्रस्ताव नं.७: | योजनाको नाम परिवर्तन सम्बन्धमा । |
| प्रस्ताव नं.८: | प्रशासनिक भवन तला थपको बाँकी भुक्तानी सम्बन्धमा । |
| प्रस्ताव नं.९: | आ.व. २०८२/०८३ को हालसम्मको आय-व्यय प्रतिवेदन सम्बन्धमा । |
| प्रस्ताव नं.१०: | आ.व. २०८२/०८३ मा हालसम्म सम्पन्न भएका योजना सम्बन्धमा । |
| प्रस्ताव नं.११: | अनसनचौतारीको वास्केट बल विस्तार सम्बन्धमा । |
| प्रस्ताव नं.१२: | दक्ष कामदार नक्साङ्कन सम्बन्धी तथ्याङ्क संकलकहरुको पारिश्रमिक तोक्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१३: | कार्यक्रम संशोधन सम्बन्धमा । |
| प्रस्ताव नं.१४: | डि.पि.आर. स्वीकृत गर्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१५: | शिक्षण सिकाई सहजीकरण निर्देशिका लेखन पारीश्रमिक सम्बन्धमा । |
| प्रस्ताव नं.१६: | मा.वि. गणित विषयका क्षमता विकास तालिम सम्बन्धमा । |
| प्रस्ताव नं.१७: | समायोजन भएका विद्यालयहरुको अभिलेख एवं प्रशासनिक दायित्व तोक्ने सम्बन्धमा । |
| प्रस्ताव नं.१८: | गाडी मर्मत सम्बन्धमा। |
| प्रस्ताव नं.१९: | सरसफाई व्यवस्थापन केन्द्र सम्बन्धमा । |
| प्रस्ताव नं.२०: | विपदजन्य एवं अत्यावश्यक योजना सम्बन्धमा । |
| प्रस्ताव नं.२१: | छुट छात्रवृत्ति रकम निकासा सम्बन्धमा । |
| प्रस्ताव नं.२२: | सहकारी संस्था अद्यावधिक सम्बन्धमा । |
| प्रस्ताव नं.२३: | रकमान्तर सम्बन्धमा । |
| प्रस्ताव नं.२४: | ठेक्का लगाउने सम्बन्धमा । |
| प्रस्ताव नं.२५: | भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा । |
| प्रस्ताव नं.२६: | भुजेल संस्कृति प्रवद्र्धन सम्बन्धमा । |

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०२/२८ गते भएको २३९ औं बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२**: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८३/०८४ का लागि संघ सरकार पूर्वाधार मन्त्रालय अन्तर्गतका योजनाहरु र प्रदेश सरकारले प्रस्ताव गरेका योजनाहरुको बैठकमा जानकारी लिई सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८३/०८४ का लागि बैठकमा प्रस्तुत नीति कार्यक्रमको मस्यौदाउपर छलफल हुंदा प्राप्त सुझावहरु समेत समावेश गरी २०८३/०३/१० गते सभामा प्रस्तुत गर्न नगर प्रमुखलाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.४</u>**: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आ.व. २०८३/०८४ का लागि यस नगरपालिकाबाट तयार भएको प्रस्तावित रू.१,५०,२०,०१,०००। को आय–व्यय बजेट कार्यक्रम मिति २०८३/०३/१० गते हुने नगर सभामा पेश गर्न उपप्रमुखलाई जिम्मा दिने निर्णय गरियो ।

**<u>निर्णय नं.५</u>**: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा २०८३/०३/१० गते हुने नगर सभामा पेश गर्न निम्नलिखित विधेयकहरु स्वीकृत गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका आर्थिक विधेयक, २०८३

(ख) व्यास नगरपालिका विनियोजन विधेयक, २०८३

(ग) व्यास नगरपालिका उर्जा विकास विधेयक, २०८३

**<u>निर्णय नं.६</u>**: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा हाल सञ्चालन गरिरहेको सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सेवाहरु (वित्तीय साक्षरता, नि:शुल्क कानूनी सहायता, समुदाय सचेतना) लाई उद्योग, पर्यटन, श्रम, रोजगार शाखा मातहतमा रही श्रम तथा रोजगार प्रवर्द्धन उपशाखाद्वारा सञ्चालन गर्ने र मनोसामाजिक परामर्श सेवालाई वैदेशिक रोजगारको अलावा घरेलु हिंसा, प्रकोप/विपद् लगायतको समस्यामा समेत उपलब्ध हुने व्यवस्था गर्दै स्वास्थ्य शाखा मातहत सञ्चालन गर्ने, उक्त सेवा प्रवाहमा खटिने कर्मचारीहरुले कार्य प्रगति प्रतिवेदन सम्बन्धित शाखा र अनुगमन तथा सुपरीवेक्षण समितिद्वारा कम्तिमा ३ महिनामा १ पटक हुने व्यवस्था र हाल सङ्घीय सरकार, गण्डकी प्रदेश सरकार र यस पालिकाको लागत साझेदारीमा गरिरहेको सेवा प्रवाहलाई संस्थागतरुपमा निरन्तर सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.७</u>**: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा २०८२/०८३ को बजेट शीर्षक नं.१०६५ मा उल्लिखित व्यास १० दुम्सी बजार सरसफाई केन्द्र जाने बाटो स्तरीकरणका लागि रू.५,००,०००। र दुम्सी बजार सरसफाई केन्द्र जाने बाटो निर्माणमा रहेको रू.५,००,०००। समेत १०,००,०००। रकमलाई व्यास १० व्यास मार्ग (परेवाडाँडा) देखि झोलेङ्गे पुल जाने सडक ढलान हुने गरी रू.१०,००,०००। खर्च गर्ने गरी योजनाको शीर्षक (नाम) परिवर्तन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.८</u>**: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा कार्यालयको बहुउद्देश्यीय भवन निर्माण योजनाको तल्ला थप योजना (ठेक्का नं.३/०७७/०७८) को लागि रू.१,८२,२९,३८२/७६ को लागत अनुमान स्वीकृत गरी विद्युतीय बोलपत्र मार्फत सबैभन्दा बढी ३१.७९ प्रतिशत घटी बोलपत्र कबोल गर्ने श्री पि.एम.शान्ति निर्माण सेवा काठमाण्डौंले कवोल गरेको (मू.अ.कर समेत) रू.१,१९,०२,६३०/७६ रकमको बोलपत्र स्वीकृत गरी मिति २०७८/८/२ गते ठेक्का सम्झौता भएकोमा उक्त योजनाको निर्माण कार्य चैत्र मसान्त, २०८० सालमा नै सम्पन्न भएतापनि निर्माण व्यवसायी श्री पि.एम. शान्ति निर्माण सेवा काठमाण्डौंले सार्वजनिक खरिद ऐन, २०८३ को दफा २७ को व्यवस्था बमोजिम पेश गरेको रू.२०,७०,२२५। बराबरको कार्यसम्पादन जमानतको म्याद सकिएको अवस्थामा उक्त कार्यसम्पादन जमानतको म्याद निर्माण कार्य सम्पन्न भएपछि १३ महिनासम्मको अवधि रहनुपर्ने कानुनी व्यवस्था रहेको हुँदा कार्यसम्पादन जमानतको म्याद थप नभएसम्म कार्यालयबाट भक्तानी रोकिएको र मिति २०८२ पौष मसान्तसम्म उक्त ठेक्काको म्याद थप गरिएको अवस्थामा निर्माण व्यवसायीबाट मितिः २०८२/६/२४ गते १३ महिना अवधि रहेको प्रभु बैंक लिमिटेड गोठाटारबाट व्यास नगरपालिका कार्यालयको नाममा जारी भएको कार्यसम्पादन जमानत पेश गरेको अवस्थामा २ वर्ष अगाडि नै निर्माण कार्य सम्पन्न गरी कार्यालयले भवन प्रयोगमा समेत ल्याई सकेको हुँदा २०८२ पौष मसान्तसम्मदेखि १५ आषाढ २०८३ सम्म उक्त योजनाको म्याद अद्यावधिक गरी सोही योजनाको भुक्तानी गर्नको लागि नगर सभाबाट बजेट खर्च शीर्षक ९९३ (३११५९) स्थानीय राजश्व बाँडफाँड अन्तर्गत श्रोत सुनिश्चित भएको हुँदा सोही शीर्षकबाट सम्झौता रकम भित्र रहने गरी योजना शाखाको सिफारिस बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.९**: प्रस्तावरु नं.९ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ का लागि आजका मितिसम्म कुल रू.१,७२,८३,०४,५००। मा २०८३/३/५ गतेसम्म रू.१२,१९,५९८,१३२/७४ (७०.५६ प्रतिशत) आय प्राप्त भएकोमा चालुतर्फ रू.७४,७७,२१,१३०/०९ (७८.३९ प्रतिशत) र पूँजीगत तर्फ रू.२९,३३,५७,२३४/४२ (३७.८८ प्रतिशत) समेत जम्मा खर्च रू.१,०४,१०,७८,३६४/५१ (६०.२३) भएको बैठकमा विवरण प्राप्त भई नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०**: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ का लागि कुल ८७९ योजनाहरु मध्ये ४८१ (५४.७२ प्रतिशत सम्पन्न भएको, ३७२ सम्झौता भएका (४२.३२ प्रतिशत) सम्झौता हुन बाँकी २६ (२.९६ प्रतिशत) रहेको बैठकमा विवरण प्राप्त भई नगर सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास ३ अनसन चौतारीमा रहेको वास्केट बलको दक्षिण-पश्चिमतर्फ २ मिटर विस्तार गर्न माग भई आएकाले जि.स.स. तनहुँसँग समन्वय गरी विस्तार गर्न सम्बन्धित वडा नं.३ लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा आर्थिक विकास समितिबाट सिफारिस भई आएको दक्ष कामदारहरुको नक्साङ्कन कार्यका लागि तथ्याङ्क संकलन गर्न छनौट भएका गणकहरुको पारीश्रमिक तोक्ने सम्बन्धमा शहरी वडाहरुका लागि प्रति दिन कम्तिमा २० वटा फर्म संख्याको रू.१,३००। अर्धशहरी वडाहरुका लागि प्रति दिन कम्तिमा १५ वटा फर्म संख्याको रू.१३००। र ग्रामिण वडाहरुका लागि प्रति दिन कम्तिमा १० वटा फर्म संख्याको रू.१,३००। तोकी १५ दिनका लागि स्थलगत कार्यमा परिचालन गरिएकोमा कतिपय वडाहरुमा तोकिएको समय अवधिभर दक्ष कामदारहरुको खोजी गर्दा निर्धारित संख्या अनुसार दक्ष कामदारहरु फेला नपरेका कारण फर्म संख्याको आधारमा गणकहरुलाई पारिश्रमिक दिंदा मर्का पर्ने देखिएकोले प्रति गणक प्रति दिन रू.१,३००। का दरले जम्मा १५ दिनको रू.१९,५००। (अक्षेरुपी उन्नाइस हजार पाँच सय रुपैंया) भुक्तानी दिने र अतिरिक्त फर्म संकलन गरेको गणकको हकमा सोको समेत हिसाब गरी एकमुष्ठ भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रम तथा बजेट खर्च क्र.सं.१७२ मा पूर्व सिकाई मान्यता विधि सीप परीक्षणका लागि जम्मा रू.५,००,०००। विनियोजन गरिएकोमा उक्त रकमबाट देहाय बमोजिम खर्च गर्ने निर्णय गरियो ।

(क) पूर्व सिकाई मान्यता विधि सीप परीक्षणका लागि रू.१,४०,०००।

(ख) दक्ष कामदारको नक्साङ्कन तथा तथ्याङ्क संकलनका लागि रू.३,६०,०००।

**निर्णय नं.१४**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा रामथुम्की पार्क सरोकार समाजकल्याण डि.पि.आर. निर्माण, रामथुम्कीटोल व्यास ११ को लागि परामर्शदाता संस्था श्री डि.डि. इन्जिनियरिङ तनहुँले पेश गरेको विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) योजना तथा पूर्वाधार विकास शाखाको सिफारिस बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५**: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा स्थानीय पाठ्यक्रम अन्तर्गतको शिक्षण सिकाइ सहजीकरण निर्देशिका लेखन पारीश्रमिक तथा वैठक खाजा/खाना खर्च खर्च शीर्षक ८८ वाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६**: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालय अन्तर्गत माध्यमिक तहमा गणित विषय अध्यापन गराउने शिक्षकहरुलाई गणित विषयको क्षमता विकास सम्बन्धी तालिम खर्च शीर्षक ८८ बाट हुने गरी मिति २०८३/०३/५, ६ र ७ गते व्यास नगरपालिका सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो

**निर्णय नं.१७**: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा विभिन्न विद्यालयहरु समायोजन भई प्रशासनिक कार्य भएकाले निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं.७ स्थित क्यामिनकोट माध्यमिक विद्यालय क्यामिन माध्यमिक विद्यालयमा समायोजन भएकोले उक्त विद्यालयको यस अघिका विभिन्न शैक्षिक अभिलेखहरु समेत क्यामिन मा.वि.मा स्थानान्तरण गरी सो सम्बन्धी प्रशासनिक कामकाज गर्न क्यामिन माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई जिम्मेवारी तोक्ने र क्यामिनकोट माध्यमिक विद्यालयको नाममा विभिन्न बैङ्कमा रहेको नगद रकम समेत क्यामिन माध्यमिक विद्यालयको बैङ्क खातामा स्थानान्तरण गर्ने निर्णय गरियो ।

(ख) व्यास नगरपालिका वडा नं.९ स्थित बसाहस्थान माध्यमिक विद्यालय व्यास- ९ स्थित माहेन्द्री माध्यमिक विद्यालयमा समायोजन भएकोले यस अघिका शैक्षिक विभिन्न शैक्षिक अभिलेखहरु समेत माहेन्द्री मा.वि.गजौडेमा स्थानान्तरण गरी सो सम्बन्धी प्रशासनिक कामकाज गर्न माहेन्द्री माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई जिम्मेबारी तोक्ने निर्णय गरियो ।

(ग) जनज्योति प्रा.वि. व्यास–६ स्थित जनज्योति प्रा.वि.मा १ जना मात्र विद्यालय सहयोगी कार्यरत रहेको र भौगोलिक विकटताका कारण केही बालकालिकाहरु अध्ययन गरिरहेको हुँदा निजको दरवन्दी सोही विद्यालयमा कायम राखी छिमेकी विद्यालय रत्नज्योति आ.वि. व्यास–६ बाट हाजिरी प्रमाणित गरी तलवभत्ता सुविधा पाउने गरी व्यवस्था मिलाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८**: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०२/३१ गते यस नगरपालिकाका नगर प्रमुख र सि.डि.इ. सरकारी कामको सिलसिलामा काठमाडौ गइ फर्कने क्रममा नागार्जुन नगरपालिकामा आइपुग्दाको पहिलो घुम्तीमा ओभरट्याक गर्ने क्रममा बागमती प्रदेश ०१–०३२च ५१४५ नं को इवि गाडीलाई यस कार्यालयको गण्डकी प्रदेश ०१–००१ झ ००१८ नं. पिकअपको पछाडिको भागले छुन पुगी दुवै गाडीमा क्षति पुगेको र इवि गाडीको मर्मत यस कार्यालयबाट गरिदिनुपर्ने अवस्था सृजना भएकाले ल.इ. बमोजिम १,०६,२४८/२६ पर्ने देखिएको र यस कार्यलयको गाडीको मर्मतका लागि करीब ३० हजार लाग्ने देखिएकोले यस नगरपालिकाको सवारी साधन मर्मत शीर्षकबाट खर्च हुने गरी दुवै गाडीको मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**: प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको सरसफाई व्यवस्थापन गर्नका लागि हालसम्म पनि सरसफाई व्यवस्थापन केन्द्र नभएका कारण सरसफाई व्यवस्थापनमा चुनौती थपिँदै गइरहेको सन्दर्भलाई दृष्टिगत गरी व्यास नगरपालिका वडा नं.५ चिन्तुटार टोल अन्तर्गत रहेको चैनपुर भन्ने स्थानको सार्वजनिक जग्गामा सरसफाई केन्द्र निर्माण गर्न IEE गर्ने निर्णय गरियो । साथै IEE लगायत उक्त स्थानमा सरसफाई केन्द्र निर्माणका लागि आवश्यक सहजीकरण गर्नका लागि निम्नानुसार सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| संयोजक | श्री विष्णुकुमार श्रेष्ठ (हिमाल) वडा अध्यक्ष | - व्यास ५ |
| सदस्य | श्री जीवन गुरुङ वडा अध्यक्ष | - व्यास ६ |
| सदस्य | श्री रनसिं नेपाली | - संयोजक, वन, वातावरण समिति |

सदस्य श्री सुन्दर वाग्ले- वडा सदस्य - व्यास ५

सदस्य श्री धर्मलाल दरै - व्यास ५ चिन्तुटार

सदस्य श्री दुर्गा आचार्य -व्यास ५ चिन्तुटार

सदस्य-सचिव श्री विष्णुकुमार जोशी - शाखा प्रमुख, वन, वातावरण तथा विपद व्यवस्थापन

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा विपदजन्य र अत्यावश्यक निम्न कार्यका लागि सम्बन्धित शीर्षकबाट बजेट विनियोजन गर्ने निर्णय गरियो । सम्बन्धित वडा विपद् अन्तर्गत बजेटबाट सम्भव नभए नगर विपद्बाट सम्बोधन गर्ने गरी निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | राजु घर्ती समेतको घर खेत संरक्षण | १ | ८०,०००/- | ९७४ |
| २. | कविता श्रेष्ठ, उपचार सहयोग | ३ | २५,०००/- | ६१ |
| ३. | सृजना कुमाल घर संरक्षण समेत | ५ | ३०,०००/- | २१४ |
| ४. | चिन्तुटार सामुहिक फलफूल खेती संरक्षणा | ५ | ४,००,०००/- | ९७८ |
| ५. | व्यास नगरस्तरीय भजन प्रतियोगिता सञ्चालन पराशर आश्रम | ५ | १,००,०००/- | ११६ |
| ६. | वडा विपद् सामग्री खरिद भुक्तानी | ६ | ५०,०००/- | ९७४ |
| ७. | सर्जुना परियार शौचालय निर्माण भुक्तानी | ६ | ४०,०००/- | ९७७ |
| ८. | जुठीमाया थापा हावाहुरी घरको छाना उडाइ राहत | ७ | १२,०००/- | २३१ |
| ९. | शिवलाल दरैको २ वंगुर मृत्यु राहत | ७ | २५,०००/- | २३१ |
| १०. | रामजी परियार बाघले १ खसी १ बाख्रा मारेको राहत | ७ | २०,०००/- | २३१ |
| ११. | क्यामिन मा.वि. हावाहुरीले छाना उडाएको व्यवस्थापन | ७ | १,५०,०००/- | २३१ |
| १२. | कृष्णबहादुर कामी भैंसीको अचानक मृत्यु राहत | ९ | २०,०००/- | २४७ |
| १३. | मनबहादुर दरै हावाहुरी घरमा क्षती राहत | १० | १२,०००/- | २५८ |
| १४. | गोमा लामा हावाहुरी गोठमा क्षती राहत | १० | १०,०००/- | २५८ |
| १५. | राधिका पाण्डे बस्नेतको हावाहरी गोठमा क्षती राहत | १० | १०,०००/- | २५८ |
| १६. | आरती पौडेलको हावाहुरी गोठमा क्षती राहत | १० | १०,०००/- | २५८ |
| १७. | कमला लामाको घरमा क्षती राहत | १० | १५,०००/- | २५८ |
| १८. | कमला नेपाली घर मर्मत संहार राहत | १० | १०,०००/- | २५८ |
| १९. | निर्घबहादुर सार्की, घर मर्मत संहार राहत | १० | २०,०००/- | २५८ |
| २०. | कृष्णबहादुर परियार विपद्जन्य घर मर्मत राहत | १० | १५,०००/- | २५८ |
| २१. | बोलप्रसाद चुवाई गोठको छाना मर्मत राहत | १० | ८,०००/- | ३८७ |
| २२. | इश्वरी गुरुङ हावाहुरी विपद घर मर्मत समेत | ११ | २५,०००/- | ८७६ |
| २३. | कोल्डस्टोरमा स्नान गृह निर्माण, झ्यालमा ग्रिल समेत | ११ | ८०,०००/- | ७२ |
| २४. | बाराही मा.वि. जिल्लास्तरीय जुनियर युवा गोष्ठी कार्यक्रम | ११ | ४०,०००/- | ८२ |
| २५. | शिशाखोला डिपबोरिङ खानेपानी (पराजुलीचोकदेखि रुक्सेपानीसम्म) | ११ | २५,०००/- | ८७६ |
| २६. | मंगला मा.वि. लमजुङ सोतीपसल विज्ञापन सहयोग | | २५,०००/- | ३६ |
| २७. | केशवटार स्वास्थ्य चौकी नयाँ भवन उद्घाटन | | ५५,०००/- | ७२ |
| २८. | गणतन्त्र दिवस मनाउँदा बाजाको भुक्तानी | | १५,०००/- | ७२ |
| २९. | शैक्षिक सत्र २०८३ को शैक्षिक कार्य पात्रो प्रकाशन | | १,६०,०००/- | ९४ |
| ३०. | मालपोत कार्यालय स्टेशनरी सहयोग | | १,००,०००/- | २३ |

| | | | | |
|---|---|---|---|---|
| ३१. | पर्यटन मिडिया नेपाल प्रा.वि. सूचना प्रकाशन | | १२,०००/- | ६१ |
| ३२. | कार्यालयको लागि अति आवश्यक १ थान स्कुटर खरिद | | २,९४,०००/- | सवारी साधन खरिद |
| ३३. | तनहुँ मिडिया नेटवर्क प्रा.लि. | | १०,०००/- | ६१ |

<u>**निर्णय नं.२१**</u>: प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/२/२२ को बैठकको निर्णय नं.१५ मा छात्रवृतिको रकम वितरणका लागि विनियोजित खर्च शीर्षक नं.८५ मा पर्याप्त रकम बचत नभएको हुँदा सो खर्च शीर्षक परिवर्तन गरी खर्च शीर्षक नं.९३ वाट निम्न विद्यालयका विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराउन सम्वन्धित विद्यालयको बैंक खातामा निकासा गर्ने निर्णय गरियो ।

| क्र स | विद्यालयको नाम | विद्यार्थीको नाम | कक्षा | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | श्री जनजुक्तशाही माध्यमिक विद्यालय व्यास ५ | श्री सुष्मा काफ्ले | १२ | ८,०००/- |
| २ | श्री जनजुक्तशाही माध्यमिक विद्यालय व्यास ५ | श्री मञ्जुला श्रेष्ठ | १२ | ८,०००/- |
| ३ | श्री जनजुक्तशाही माध्यमिक विद्यालय व्यास ५ | श्री अंकिता श्रेष्ठ | १२ | ८,०००/- |
| ४ | श्री जनजुक्तशाही माध्यमिक विद्यालय व्यास ५ | श्री शान्ती बजगाई | १२ | ८,०००/- |
| ५ | श्री जनजुक्तशाही माध्यमिक विद्यालय व्यास ५ | श्री तिलक बहादुर थापा | १२ | ८,०००/- |
| ६ | श्री जनजुक्तशाही माध्यमिक विद्यालय व्यास ५ | श्री शिव थापा | १२ | ८,०००/- |
| ७ | श्री आदिकवि भानुभक्त माध्यमिक विद्यालय व्यास १ | श्री युनिका गुरुङ | १२ | ८,०००/- |
| | | | जम्मा | ५६,०००/- |

<u>**निर्णय नं.२२**</u>: प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा सहकारी ऐनको प्रावधान सम्बन्धमा हालै जारी भएको अद्यादेशले सहकारी संस्थाहरुलाई अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको र सो अद्यावधिकका लागि सहकारी संस्थालाई अद्यावधिक शुल्क स्वरुप रू.५००/- मा नघट्ने गरी अडिट रिपोर्ट र पूँजिगतको आधारमा तपसिल बमोजिम शुल्क लिने निर्णय गरियो ।

(क) १ लाखसम्मका लागि रू.१,०००/-

(ख) १० लाखसम्मका लागि रू.२,०००/-

(ग) १० लाखभन्दा माथिका लागि रू.३,०००/-

<u>**निर्णय नं.२३**</u>: प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा भुक्तानी दिनुपर्ने योजनाहरुको भुक्तानी तथा संशोधनका लागि नगरसभाबाट अनुमोदन हुने गरी निम्नानुसार रकमान्तर गर्ने निर्णय गरियो ।

रकमान्तर

FY : २०८२/८३ रकमान्तर : रकमान्तर का पा

रु. हजारमा

घटाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | गत आ.व. भुक्तानी दायित्व चालू तर्फ (१६८) | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| २ | ८०४३८४०३१०१ | गत आ.व. भुक्तानी दायित्व चालू तर्फ (१६८) | 22529 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,५००.०० | |
| ३ | ८०४३८४०३१०१ | नगर प्रहरी रासन भत्ता (१५) | 21139 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,०००.०० | |
| ४ | ८०४३८४०३१०१ | विद्युतीय घर नक्सा पास सम्बन्धी डिजिटलाइज कार्यक्रम समेत (१५३) | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७००.०० | |
| | | | | | | | | ७,५००.०० | |

बढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | सवारी साधन इन्धन–सरसफाई तर्फ (२९) | 22212 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १,५००.०० | |
| २ | ८०४३८४०३१०१ | नगर विकास कोषको ऋणको साँवा व्याज भुक्तानी (३९) | 24211 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,७००.०० | |
| ३ | ८०४३८४०३१०१ | अन्य समिति बैठक भत्ता (५) | 21139 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ८००.०० | |
| ४ | ८०४३८४०३१०१ | व्यास नगर समता आवासीय विद्यालय सञ्चालन (७०) | 27111 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ३००.०० | |
| ५ | ८०४३८४०३१०१ | व्यास नगर समता आवासीय विद्यालय सञ्चालन (७०) | 27111 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७००.०० | |
| ६ | ८०४३८४०३१०१ | सवारी साधन बिमा तथा नवीकरण (२५) | 22214 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २००.०० | |
| ७ | ८०४३८४०३१०१ | कर्मचारी दैनिक भ्रमण भत्ता (१३) | 22612 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३००.०० | |
| | | | | | | | | ७,५००.०० | |

**अक्षरेपी : रुपैयाँ सात हजार पाँच सय मात्र।**

**निर्णय नं.२४**: प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको वातावरण सम्बन्धी आय ठेक्का र करङकाठ बसपार्क, छाब्दी बसपार्कको आय ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५**: प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१४ मा निस्सा प्राप्त भई जग्गा नापी गरी निम्न लिखित भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई पुर्जा वितरण गर्न प्रकृया अघि बढाइएकोमा २०६६ साल अघिदेखि नै भोगचलन गर्दै घर बसोवास गर्दै आएका निज व्यक्तिहरुको भोगचलनको जग्गा राष्ट्रिय वनक्षेत्रभित्र परेको भन्ने आधारमा पुर्जा वितरण प्रकृया रोकिएकाले केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३ को दफा ४ मा भूमि सम्बन्धी ऐन, २०२१ मा भएको संशोधन समेतका आधारमा निजहरुको परापूर्वकालदेखि भोगचलन गरेको जग्गा सरकारी कायम गरी पुर्जा वितरण प्रकृया अघि बढाईदिनु हुन भनी भूमि सम्बन्धी जिल्ला समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

निम्न :

१. टेककुमार श्रेष्ठ – व्यास १४
२. मनराज थापा – व्यास १४
३. विश्वकुमार बुढा – व्यास १४
४. राजु सुनार – व्यास १४
५. आइतीमाया आले – व्यास १४

६. लालबहादुर आले - व्यास १४

७. मेखबहादुर गुरुङ - व्यास १४

**<u>निर्णय नं.२६</u>**: प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा भुजेल घर्ती सिमान्तकृत जातीको सांस्कृतिक प्रवर्दध्नका लागि बृत्तचित्र (फिल्म) निर्माण गर्न मिति २०८२।१२।२२ गते निर्णय भई रू.३,००,०००। (तीन लाख) विनियोजन भएकोमा उक्त बृत्तचित्र (फिल्म) तयारी भएको आजको बैठकमा प्रस्तुत भएकोले निर्णयानुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

***